# नेपाल राष्ट्र बैंक

## Global Money Week का अवसरमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम सम्पन्न

विश्व वित्तीय सप्ताह (Global Money Week) को अवसरमा नेपाल राष्ट्र बैंकले मिति २०७७ साल चैत १० गते नव नियुक्त डेपुटी गभर्नर डा.नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा बानेश्वरको रत्नराज्य माध्यमिक विद्यालयका विद्यार्थीहरूमाझ वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ । विश्व वित्तीय सप्ताह किशोर तथा युवाहरूमा वित्तीय शिक्षाको महत्वबारेमा जागरण ल्याउने Organisation of Economic Cooperation and Development (OECD) को संयोजनमा हरेक वर्ष मार्च २२ देखि २८ सम्म मनाउने गरिन्छ । बाल तथा युवाहरूमा वित्तीय ज्ञान, सीप र अभिवृत्तिका साथै व्यावहारिक रूपमा सक्षम बनाउँदै उनीहरूमा विवेकशील वित्तीय निर्णय लिन अभिप्रेरित गर्ने उद्देश्यमा यो सप्ताह केन्द्रीत रहन्छ ।




उक्त कार्यक्रममा मन्तव्य प्रस्तुत गर्दै डेपुटी गभर्नर डा. तिम्सिनाले वित्तीय साक्षरता सबैका लागि महत्वपूर्ण रहेको हुँदा सम्पूर्ण नागरिकहरूले वित्तीय ज्ञान राख्नुपर्ने र विद्यार्थी जीवनमा वित्तीय साक्षरतासम्बन्धी ज्ञान झन महत्वपूर्ण हुने बताउनुभयो । आर्थिक समृद्धिको बाटोमा अघि बढेको नेपालका लागि सम्पूर्ण नागरिकलाई वित्तीय समावेशीकरणमार्फत समावेशी आर्थिक विकासमा समाविष्ट गर्न सम्भव हुने हुँदा वित्तीय साक्षरता अपरिहार्य रहेको उहाँको धारणा रहेको थियो । कार्यक्रममा आयोजक नेपाल राष्ट्र बैंकका उपनिर्देशक डा. भागवत आचार्यले विद्यार्थीहरूलाई वित्तीय साक्षरतासम्बन्धी वार्ता प्रस्तुत गर्नुभएको थियो । वार्ताको क्रममा उहाँले वित्तीय साक्षरताको आवश्यकता र महत्व, बैंक उन्नतिको साथी, उन्नतिमार्फत लान्छ माथि, बचत : उन्नति र समृद्धिको आधार, बैंक कर्जा : उद्यमशीलताको पूर्वाधार, बैंक कर्जाको सदुपयोग, विप्रेषणको उत्पादनशील उपयोगको आवश्यकता र रेमिट्यान्स पठाउँदा बैंकिङ माध्यमको प्रयोग, लघुवित्त : गरिबी निवारण र वित्तीय समावेशिताको आधार, वीमा : उद्यम व्यवसायमा जोखिम न्यूनीकरणको माध्यम, बैंक नोटको सुरक्षित प्रयोग र सफा नोट नीति तथा सुरक्षित विद्युतीय कारोवार : डिजिटल नेपाल निर्माणको पूर्वाधार लगायतका विषयमा विस्तृत प्रकाश पार्नुभएको थियो ।



कार्यक्रममा ग्लोवल मनी विक समन्वय समितिका संयोजक डा.नेफिल मातङ्गि मास्केले सो विकका सम्बन्धमा परिचयात्मक मन्तव्य राख्नुभएको थियो भने ग्लोवल मनी विक समन्वय समितिका सदस्य तथा निर्देशक मीना पाण्डे, ग्लोवल मनी विक, २०२१ का फोकल पोइन्ट तथा

निर्देशक नारायणप्रसाद पोखेल लगायतले सङ्क्षिप्त मन्तव्य तथा कार्यक्रममा उठेका जिज्ञासाको समाधान प्रस्तुत गर्नुभएको थियो ।




सन् २०१२ देखि मनाउन सुरु गरिएको यो सप्ताह १७५ वटा राष्ट्रका ४ करोड बालबालिका तथा युवामाझ पुगिसेकेको छ । ग्लोवल मनी विकको स्थायी नारा ‘सिक, बचत गर र कमाउ’ रहेको छ भने ग्लोवल मनी विक, २०२१ को नारा ‘टेक केयर अफ योर सेल्फ, टेक केयर अफ योर मनि’ रहेको छ ।



यस वित्तीय सप्ताहमा यस वर्ष विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम, सञ्चार माध्यममा वित्तीय जागरणसम्बन्धी बहस र इजाजतप्राप्त बैंक तथा वित्तीय संस्था तथा भुक्तानी प्रणाली सञ्चालकलाई वित्तीय शिक्षा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने लगायतका कार्यक्रम रहेको छ ।

**२०७७ चैत्र १० गते मंगलबार ।** **गभर्नरको कार्यालय**